# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)

धनगढी, सिरहा
२ नं. प्रदेश, नेपाल
स्था : २०७३

फोन नं. : ०३३-५४५२३८
Email: dhangadhimai@gmail.com


मिति : २०७५/०६/१०

श्री वडा कार्यालयहरु सबै
धनगढीमाई नगरपालिका।

विषयः घरसारमा तयार भएको लिखत प्रमाणित गर्नुपर्ने सम्बन्धमा ।

मिति २०७५।०५।०१ गतेबाट लागु भएको मुलुकी देवानी कार्यविधी (संहीता) ऐन २०७४ कार्यान्वयनमा आएको र सोही ऐनको दफा ३६ मा व्यवस्था गरे बमोजिम हस्ताक्षर वा ल्याप्चे सहीछाप गर्नु पर्ने पच्चास हजार रुपैयाँभन्दा बढी रकमको नेपाल भित्र घरसारमा तयार भएको लिखत सम्बन्धीत पक्षहरु स्थानीय तह वा स्थानीयतहको वडा समितिको कार्यालयमा उपस्थित भइ सक्कल लिखतको शिरमा त्यस्तो कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ र त्यसरी प्रमाणित गर्दा लिखतमा लिखतका पक्षहरुलाई प्रमाणित गर्ने कार्यालयले सहीछाप गराउनु पर्नेछ । तर पक्षहरुले चाहेमा पचास हजार रुपैयाँभन्दा कमको घरसारको लिखत पनि प्रमाणित गराउन सक्नेछन् भने व्यवस्था गरेको छ ।लिखत प्रमाणित गराउन आएमा सम्बन्धित स्थानीय तह वा स्थानीय तहको वडा समितिको कार्यालयले पनि लिखतका पक्षहरुको नाम, थर, ठेगाना, लिखत भएको मिति, र लेनदेन भएको रकम वा लिखतमा उल्लेख भएको बिगो समेत खुलाई अभिलेख राखी त्यस्तो लिखत त्यसै दिन प्रमाणित गरिदिनु पर्नेछ ।स्थानिय तहको वडा समितिको कार्यालयले लिखत प्रमाणित गर्दा बढीमा दुई शय रुपैयाँसम्म दस्तुर लिन सक्नेछ भन्ने व्यबस्था भएकोले सो अनुसार गर्नु गराउनुहोला ।

प्रमुख प्रशासकीय अधिकृत

(गजेन्द्रनाथ शर्मा)